जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १८३ २०८० साल फागुन ९ गते बुधबार (21 Feb. 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : पैतालिस प्रतिशत क्षयरोगका बिरामी.. २ पृष्ठमा : पहिरन तथा तालिबानको ...४ पृष्ठमा : त्रिविको उपकुलपति नियुक्ति..

# नगरपालिकाले अदालतको आदेश नमान्दा कार्यकक्ष बाहिरै बसेर काम गर्न बाध्य अधिकृत गुरुङ





**नवीनकुमार गुप्ता**
**राजविराज, ८ फागुन ।**

राजविराज नगरपालिकाले अदालतको आदेश कार्यान्वयन नगर्दा प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङ आफ्नो कार्यकक्ष बाहिर बसेर काम गर्न बाध्य भएका छन् ।

फागुन १ गतेदेखि लागु हुने गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने कार्यपालिकाको बैठकले गरेको निर्णयपछि सोही दिन जनप्रतिनिधिहरुले उनको कार्यकक्षमा ताला लगाएका थिए ।

नगरपालिकाकाले फिर्ता पठाउने गरेको निर्णय विरुद्ध गुरुङले रिट दायर गरेपछि उच्च अदालत जनकपुर राजविराज इजलाशले फागुन ६ गतेको पेशी तोक्दै गत फागुन २ मा अल्पकालिन अन्तिरिम आदेश जारि गरेको थियो । त्यही आदेशलाई फागुन १० सम्म अदालतले निरन्तरता दिएपनि नगरपालिकाले आदेशको कार्यान्वयन नगर्दा प्रमुख प्रशासकीय अधिकृत गुरुङको कार्यकक्षमा हालसम्म पनि ताला लागेकै छ ।

पेशी तोकिएको मितिसम्म निवेदकलाई हाजिर भई नियमित कामकाज गर्न अवरोध नगर्नु-गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरी दिएको अदालतको आदेशमा भनिएको छ ।

अदालतको आदेश आएको एक साता वित्न लाग्दा पनि ताला नखुल्दा उनी कार्यकक्ष बाहिरै बसेर सेवाग्राहीको काम गर्न बाध्य छन् ।

**‘हामीले ताला लगाएको होईन, प्रमुख प्रशासकीय अधिकृत गुरुङले आफै लगाएको हुनुपर्छ’**
**– कार्यवाहक नगरप्रमुख इसरत परविन**

“अदालतको आदेश आईसकेपनि कार्यकक्षमा तालाबन्दी कायमै रहेको छ, प्रमुख प्रशासकीय अधिकृत गुरुङले भने, “कार्यकक्षमा तालाबन्दी भएकै कारण म बाहिरै बसेर जनताको गुनासो सुन्ने, बिदा स्वीकृत तथा विभिन्न चिठीपत्रमा तोक लगाउँदै छु ।”

**“कार्यकक्षमा तालाबन्दीका साथै नेमप्लेट पनि हटाइएको छ, तेलको कुपन पनि रोकेको छ र गाडीको साँचो समेत अफिसमा छैन, अरु त के भनौं खाना पकाउने भान्से समेतमा रोक लगाइएकोले होटलमा खाना खान बाध्य छु”**
**– प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङ**

“कार्यकक्षमा तालाबन्दीका साथै नेमप्लेट पनि हटाइएको छ, तेलको कुपन पनि रोकेको छ र गाडीको साँचो समेत अफिसमा छैन, अरु त के भनौं खाना पकाउने भान्से समेतमा रोक लगाइएकोले होटलमा खाना खान बाध्य छु” उनले भने, ‘यो बीचमा दुईवटा ई-टेण्डर खोलियो तर मलाई कुनै जानकारी गराईएन ।’

यसैबीच नगरपालिका काम विशेषले आएका जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले अदालतको आदेश कार्यान्वयन नगर्नु नगरपालिकाको मनोमानी भएको बताए । अदालत भन्दा माथि नगरपालिका नभएको भन्दै ताला खोलेर प्रमुख प्रशासकीय अधिकृतलाई कामकाज गर्न दिनुपर्ने धारणा राखे । यस सन्दर्भमा आफूले पनि पहल गर्ने उनको भनाई छ ।

प्रमुख प्रशासकीय अधिकृत गुरुङले नगरपालिकाका कर्मचारीहरुबाट कुनै किसिमको विरोध नभएको स्पष्ट पारे । तर, गुरुङले तोक लगाएर भुक्तानीका लागि विभिन्न शिर्षकका फाईलहरु लेखा फाँटमा पठाएपनि लेखाले चेक बनाउन भने रोक लगाएको छ । यस सम्बन्धमा लेखा अधिकृत शत्रुघनलाल दासले माघ १९ गते कार्यपालिकाको बैठकबाट भएको निर्णयका कारण चेक नबनाइएको जानकारी दिए ।

यता कार्यवाहक नगरप्रमुख इसरत परविनले हाम्रो तर्फबाट ताला नलगाएको दावी गरिन् । ‘हामीले ताला लगाएको होईन, प्रमुख प्रशासकीय अधिकृत गुरुङले आफै लगाएको हुनुपर्छ’ उनले भनिन् ।

अदालतको आदेश कार्यान्वय हुनुपर्ने बताउँदै ताला लागेको बारे आफूलाई जानकारी नभएको प्रतिक्रिया दिईन् । उनले भनिन्, ‘म अहिले बाहिर छु कार्यालयमा आएपछि यसबारे बुझ्छु ।’

आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य मन्त्रालय फिर्ता पठाउने निर्णय गरिएको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविनसहित राजविराज नगरपालिका कार्यालयलाई विपक्षी बनाएर फागुन १ गते उच्च अदालत जनकपुर राजविराज इजलाशमा उत्प्रेशनको रिट दायर गरेका थिए ।

**अदालतको आदेश कार्यान्वयन नगर्नु नगरपालिकाको मनोमानी हो ।**
**– जिसस सप्तरीका प्रमुख शिवनारायण साह**

रिट उपर सुनवाई गर्दै न्यायाधिश कौशलचन्द्र सुवेदीको एकल इजलाशले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनीधी मार्फत लिखित जवाफ पेश गर्नु’ भनी आदेश फागुन ६ गते दुवै पक्षलाई छलफलमा बोलाएको थियो ।

**माघ १९ गते कार्यपालिकाको बैठकबाट भएको निर्णयका कारण चेक बनाइएको छैन् ।**
**– लेखा अधिकृत शत्रुघनलाल दास**

“संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने मिति २०८० माघ १९ गतेको निर्णयसँग सम्बन्धित सक्कल फाईल पेसीको दिन देखाई फिर्ता लैजाने गरी विपक्षीबाट झिकाउन साथै सो मिति २०८० फागुन १० सम्म विपक्षीको नाउँमा यस अदालतबाट जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई समेत स्वत: निरन्तरता दिएको छ” फागुन ६ गते अदालतले जारि गरेको आदेशमा भनिएको छ ।

**वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं**

वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु ।

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# विपतको पूर्व तयारी आवश्यक

सप्तरीमा हरेक वर्ष विपतबाट निकै धनजनको क्षति हुने गरेको छ । आगलागि र वर्षाका कारण यस जिल्लामा निकै मात्रामा धनजनको क्षति पुऱ्याउने गरेको छ । अहिले आगलागि र त्यसपछि बाढीबाट हुने सक्ने सम्भावित धनजनको क्षतिलाई न्युनिकरणका लागि पूर्व तयारी आवश्यक छ । जिल्लाको विभिन्न पालिकस्तरिय विपत पूर्वको तयारी पनि उत्तिकै आवश्यक छ ।

विपतले जिल्लामा विगतका वर्षहरुमा निकै क्षति पुऱ्याएको तथ्याङ्कबाट पुष्टि हुन्छ । जिल्लामा आगलागिबाट करोडौं मुल्य बराबरको धनमाल जलेर नष्ट हुने गरेको छ । जिल्लामा अहिले पनि फुसको संरचना भएका घरहरु रहेका छन् । खाना पकाउने चुल्हो र गाईबस्तुका लागि बालिएको घुरबाट सल्किएर आगो लाग्ने गरेको छ । यसबाहेक विद्युत सर्ट भएर, चुरोट, लाइटर लगायतका जताभावी स्थानमा फ्यालेर आगो लाग्ने घटना सार्वजनिक हुने गरेको छ । यसबाहेक हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क पनि हामीलाई थाहा नै छ । यति मात्र नभएर कुन कुन स्थानमा बाढी आउन सक्छ, जसबाट मानविय तथा भौतिक क्षति हुन सक्छ त्यो पनि सरोकारवाला निकायलाई थाहा छ । अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न आसपासका गाउँहरु जलमग्न र भौतिक क्षति हुने गर्दछ । बाढीको यो क्रम पुरानै हो तर पनि यसबाट जोगिन सम्बन्धित निकायले समयमै उचित व्यवस्थापन गर्न नसक्दा ठूलो क्षति ब्योहर्नु परिरहेको छ । खासगरि नदी छेउका बस्तीमा बाढी पस्ने र सर्वसाधारणको बिगघौं खेतियोग्य जग्गामा बालुवा पुरेर क्षति हुने गरेको छ । बाढीका कारण कतिपय स्थानका सर्वसाधारणहरु बिस्थापित हुने, घरबारबिहीन हुने गर्छन् ।

यसरी आगालगि र बाढीबाट हुने धनजनको क्षति र यसको न्युनिकरणका लागि एउटा दिर्घकालिन योजना बनाएर अघि बढ्नु आवश्यक छ । तसर्थ विपतको प्रकोपबाट जनतालाई जोगाउन र क्षति न्युनिकरणका लागि सम्बन्धीत निकायले अग्रसरता देखाउनु पनि उत्तिकै जरुरी छ । अनिमात्र सकारात्मक परिणाम दिन्छ ।

# पैतालिस प्रतिशत क्षयरोगका बिरामी उपचारभन्दा बाहिर

काठमाडौं, ८ फागुन (रासस) ।

क्षयरोगका ४५ प्रतिशत बिरामी उपचारभन्दा बाहिर रहेको पाइएको छ । राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा प्रज्वल श्रेष्ठले रोग पहिचान भएकामध्ये अझै ४५ प्रतिशत बिरामी उपचारको दायरामा ल्याउन नसकिएको बताउनुभयो ।

उहाँले निःशुल्क औषधि, परीक्षण र उपचार गर्दा पनि यति ठुलो सङ्ख्यामा बिरामी उपचारमा नआउनु क्षयरोग नियन्त्रणमा चुनौती थपिएको बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ मा नयाँ भेटिएका ७१ हजार सात सय बिरामीमध्ये करिब ३२ हजार बिरामी उपचारको दायरामा ल्याउन नसकिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा विकास देवकोटाले उपचारको दायरामा आउन नसकेको बिरामीले आगामी वर्ष बजेटमा समेट्ने बताउनुभयो । "उपचारको दायरा नआएका बिरामीले परिवार र समाजमा क्षयरोग सारिरहेका छन्," उहाँले भन्नुभयो, "आगामी वर्ष बजेटमा ती बिरामीलाई उपचार ल्याउने बजेट विनियोजन गरिने छ ।" उहाँले स्थानीय तह र समुदायलाई परिचालन गरेर क्षयरोगलाई नियन्त्रण गर्न सकिने बताउनुभयो ।

नेपालमा क्षयरोगका कारण वार्षिक १७ हजार मानिसको मृत्यु हुने अनुमान गरिएको केन्द्रले जनाएको छ । क्षयरोग माइकोब्याक्टेरियम ट्युबरक्लोसिस नामक जीवाणुको सङ्क्रमणका कारण हुने सङ्क्रमणजन्य सरुवा रोग हो । क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । क्षयरोगबाट ७२ प्रतिशत फोक्सोलाई सङ्क्रमण गर्छ । यस्तै मुटुको बाहिरी झिल्ली, मासु, जोर्नी, मस्तिष्कमा पनि क्षयरोगले असर गर्दछ ।

केन्द्रका निर्देशक डा श्रेष्ठ क्षयरोगका बिरामीले कम्तीमा छ देखि बढीमा १२ महिनासम्म चिकित्सकको निगरानीमा बसेर औषधि सेवन गरेमा ९० प्रतिशत रोग निको हुने बताउनुहुन्छ । उहाँका अनुसार क्षयरोगको जोखिम १५ देखि ४४ वर्ष उमेर समूहमा रहेको छ । पछिल्लो वर्षमा ६५ वर्षभन्दा माथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।

सरकारले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य र २०५० सम्ममा क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । केन्द्रले छिटो र छरितो तरिकाले रोग पहिचान गर्न १५ सेन्टरबाट, एक सय १३ स्वास्थ्य संस्थाबाट, एक सय ३१ वटा यन्त्र जडान गरी रोगी पत्ता लगाउने गरेको उहाँको भनाइ छ । नेपालभरका छ हजारभन्दा बढी स्वास्थ्य संस्थामा क्षयरोगविरुद्धको औषधि निःशुल्क उपलब्ध छ ।

कुपोषण भएका, धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन, मधुमेहका बिरामी, मादक पदार्थ सेवन गर्ने, एचआइभी सङ्क्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस क्षयरोगको उच्च जोखिममा पर्ने गर्दछन् ।

**लक्षण**

तौल कम हुनु, खानामा रुचि कम हुनु, दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, राति ज्वरो आउनु क्षयरोगका प्रमुख लक्षण हुन् ।

## विश्व समाचार

# पहिरन तथा तालिबानको आदेशका कारण महिला एक्लै बाहिर जान डराउँछन् : संयुक्त राष्टसंघ

इस्लामावाद, ८ फागुन (रासस/एपी) ।

युएन मिसनको रिपोर्टअनुसार अफगानिस्तानमा तालिबानको आदेश, बोझिलो पहिरन तथा अभिभावक माथि लादिएको अभियानको कारण अफगान महिला एक्लै आफ्नो घर छोड्न डराउँने गरेको देखाएको छ ।

कतारको राजधानी दोहामा आयोजित बैठक अघि जारी गरिएको रिपोर्टमा सदस्य राष्ट्र र अफगानिस्तानका लागि विशेष दूतहरूले तालिबानसँग संलग्नता बारे छलफल गर्ने अपेक्षा गरेको छ ।

तालिबानले सन् २०२१ मा सत्ता सम्हालेपछि महिलालाई सार्वजनिक जीवनका अधिकांश क्षेत्रहरूमा प्रतिबन्ध लगाएउदै केटीहरूलाई छ कक्षा भन्दा माथिको शिक्षाको पहुँच निशेध गरेको छ ।

महिलाहरूको काम, यात्रा र स्वास्थ्य सेवाको पहुँचसमेत प्रतिबन्ध गरी अविवाहित वा पुरुष अभिभावक नभएकाहरुसमेतलाई तालिबानको अभियानको पालना नगरे पक्राउ गरिरहेको छ ।

रिपोर्टले गिरफ्तारी, उत्पीडन र धम्किपूर्ण आदेश लागु गरिएको उल्लेख गरेको छ । महिलालाई गिरफ्तारी धम्की, प्रहरी हिरासत जानुपर्ने दीर्घकालीन कलङ्क र लाजका कारण सार्वजनिक स्थानमा जान डर बढ्दै गएको जनाएको छ ।

रिपोर्टका लागि अन्तरवार्तामा सहभागी अधिकाशं महिलाले पुरुष अभिभावक वा संरक्षक बिना घरबाट बाहिर निस्कन असुरक्षित महसुस गरेको बताएका छन् । महिलालाई लक्षित गरी नयाँ आदेश घोषणा गर्दा उनीहरूको सुरक्षा र चिन्ताको जोखिम बढ्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यस्तो खालको प्रतिबन्दले घर बाहिर जाने उत्प्रेरणा तथा फुर्सदको क्षणको आनन्द लिने सम्भावनासमेत घटेर जाने रिपोर्टले जनाएको छ ।

केही महिलाले दिएको जानकारीअनुसार पुरुष पनि महिलासँग घर छोड्न डराउने र अनिच्छुक रहेकाले उनीहरूमा तालिबानको व्यापक तथा मानवता विरोधी उत्पीडनको पर्दाफास भइरहेको छ ।

रिपोर्टको टिप्पणीका लागि तालिबानको नैतिकता प्रहरी आदेश लागू गर्न मन्त्रालयबाट तुरुन्तै उपलब्ध भएनन् ।

मानवअधिकार निगरानीकी हिथर बारले एसोसिएटेड प्रेसलाई अफगान महिलाको साथ नदिई घर छोड्ने डर हानिकारक र विनाशकारी भएता पनि आश्चर्य जनक नभएको बताउनुभएको छ ।

महिलाहरूलाई घरबाट बाहिर निस्कनबाट डराउनु तालिबानको विशेष लक्ष्य जस्तो देखिएको उहाँले बताउनुभयो ।

दोहामा आयोजित सो छलफलमा यो विषयले प्रश्न खडा गरेको उहाँले बताउनुउँदै बैठकको उद्देश्य सङ्कटको मात्रा नभई विश्वभरका महिलाका लागि आश्चर्य जनक भन्नुभयो ।

अफगानिस्तानका लागि इयु दूतले गत वर्ष तालिबानलाई चेतावनी दिँदै महिलामाथि लगाइएको प्रतिबन्ध नहटाएसम्म स्वात्त देशको वैध सरकारको अन्तर्राष्ट्रिय मान्यता असम्भव रहने बताउनुभएको थियो ।

# मंगोलियामा ४९ वर्षपछि भारी हिमपात, चिसोले ६ लाख ६७ हजार पशु मरे

उलान बातोर, ८ फागुन (रासस/सिन्ह्वा) ।

यस हिउँदमा, मङ्गोलियामा कीर्तिमानी हिमपात भएको छ । जुन सन् १९७५ पछिको सबैभन्दा उच्च रहेको मौसम विज्ञान र वातावरणीय अनुगमनका लागि राष्ट्रिय एजेन्सीले मङ्गलबार जनाएको छ । यस हिउँदमा हालसम्म औसत हिमपात ९.६ मिलिमिटर पुगेको मौसम अनुगमन निकायले जनाएको छ ।

मङ्गोलियाका लगभग सबै प्रान्तहरूमा बारम्बार भारी हिमपात भएको छ । बारम्बार हिमपातका कारण यस हिउँदमा चरम चिसोको अनुभव गरिएको एजेन्सीले जनाएको छ । देशको ८० प्रतिशतभन्दा बढी भाग हिउँले ढाकेको छ। सोमबारसम्म मङ्गोलियामा अत्यधिक चिसो मौसमका कारण हुने पशुको मृत्युको सङ्ख्या छ लाख ६७ हजार ८४१ पुगेको छ । मङ्गोलिया संसारको नोमाडिक देशहरूको मध्ये एक हो यहाँ लगातार कडा हिमपात, धुलो, आँधीहुरी आइरहने कठोर महाद्वीपीय जलवायुले युक्त छ ।

# नाइजेरियामा सत्तारुढ दलका प्रवक्ताको हत्या

अबुजा, ८ फागुन (रासस/सिन्ह्वा) ।

नाइजेरियाको सत्तारुढ दल अल प्रोग्रेसिभ काङ्ग्रेस (एपीसी) पार्टीका प्रवक्ताको हत्या भएको छ । अज्ञात बन्दुकधारी समूहले पठारको मध्य राज्यमा यसै सप्ताहन्तमा उहाँको हत्या गरेको स्थानीय प्रहरीले सोमबार जनाएको छ ।

शनिबार राति पाङ्कशिन क्षेत्रस्थित विश्राम स्थलमा बन्दुकधारीहरूले आक्रमण गर्दा प्लेटो राज्यका एपीसी प्रचार सचिव सिल्भानस नामाङको मृत्यु भएको स्थानीय प्रहरी प्रवक्ता अल्फ्रेड अलाबोले बताउनु भएको छ ।

विज्ञप्तिमा भनिएको छ, "अपहरणकर्ता भएको आशङ्कामा सात जना बन्दुकधारी पाङ्कशीन-जोस सडकको छेउमा रहेको विश्राम केन्द्रमा प्रवेश गरी मालिकको अपहरण गरेका थिए ।"

डिस्ट्रेस कल प्राप्त गरेपछि प्रहरीले घटनास्थलमा टोली पठाएको थियो जसले अपहरणलाई विफल पार्यो तर आक्रमणकारीहरूसँग गोली हानाहान भएको थियो। सबै जना संदिग्धहरू गोली लागेर भागेका छन् । घटनाबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल सहकारी संस्था लिमिटेड

## सप्तरी राजविराजबाट जारी गरिएको

## ऋणीहरुलाई धित्तो लिलामी सम्बन्धी १५ दिने सुचना

*मिती : २०८०/११/०७*

नेपाल सहकारी संस्था लिमिटेड, राजविराज सप्तरीबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनु पर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा सो सम्बन्धमा मिति २०७९/१२/२२ गते र २०८०/३/७ गते लिलामीको सूचना प्रकाशित गर्दा पनि सम्बन्धित ऋणीहरुले त्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धित्तो बापत संस्थामा राखिएको अचल सम्पतिहरु धित्तो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ। तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति २०८०/११/२१ गते सोमबारका दिनका कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरुको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै सो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान १०:०० बजेदेखि कार्यालय खुला रहेको समयसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरि लिनु हुन यो सुचना प्रकाशित गरिएको छ। डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १० प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनु पर्नेछ। सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ। लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नु पर्ने समेत जानकारी गराइन्छ। अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ। डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहने छ।

**तपसिल**

| क्र.स. | ऋणीको र व्यक्तिगत जमानीको नाम थर वतन | बाजे/ससुराको नाम | बुवा/पतीको नाम | जग्गाधनीको नाम | लिलाम हुने धित्तोको विवरण |
|---|---|---|---|---|---|
| १ | **ऋणीको नाम** :हालो देवी<br>**ना.प्र.नं.**: ५६३४४३४१/जि.प्र.का. सप्तरी | जितु मंसुरी | पांचु मिंया/ धिरन मंसुरी | हालो देवी | **ठेगाना** :चनौरा परिरिया<br>**वाड** : ३<br>**कि.नं./प्लौट नं.**:२०५३<br>**क्षेत्रफल** :०-०-५.५ |
| २ | **ऋणीको नाम** : चन्दा देवी मण्डल<br>**ना.प्र.नं.**:४५४५/जि.प्र.का. सप्तरी | मुक्तीलाल मण्डल | सुर्य नारायण मण्डल/सन्तोष कुमार मण्डल | चन्दा देवी मण्डल | **ठेगाना** :बोरीया<br>**वाड** : ३<br>**कि.नं./प्लौट नं.** :१५०८<br>**क्षेत्रफल** :०-०-९.५.० |
| ३ | **ऋणीको नाम** :मंजु कुमारी चौरसिया<br>**ना.प्र.नं.**:७६०८५३२४/जि.प्र.का. सप्तरी | सुगदेव राउत | देव नारायण राउत बरै | मंजु कुमारी चौरसिया | **ठेगाना** : राजविराज<br>**वाड** : ५/क<br>**कि.नं./प्लौट नं.** : ३४९४<br>**क्षेत्रफल** : ०-०-१० |
| ४ | **ऋणीको नाम** : दिपेन्द्र कुमार मण्डल<br>**ना.प्र.नं.**:८८९६/६६२०/जि.प्र.का. सप्तरी | मलहु मण्डल | मुक्तिलाल मण्डल | दिपेन्द्र कुमार मण्डल | **ठेगाना** : सखडा<br>**वाड** : २/क<br>**कि.नं./प्लौट नं.** : १४१७<br>**क्षेत्रफल** : ०-१-० |
| ५ | **ऋणीको नाम** :गुलावयादव<br>**ना.प्र.नं.**:७६०८५३४५/जि.प्र.का. सप्तरी | नथु यादव | खटर यादव | गुलावयादव | **ठेगाना** : राजविराज<br>**वाड** : ५/क<br>**कि.नं./प्लौट नं.** : ५३१८<br>क्षेत्रफल : ०-१-९ १/४ |
| ६ | **ऋणीको नाम** :दिपेन्द्र कुमार यादव<br>**ना.प्र.नं.**:७७८५/जि.प्र.का. सप्तरी | भोलायादव | देव नारायण यादव | दिपेन्द्र कुमार यादव | **ठेगाना** :वोरीया<br>**वाड** : ३<br>**कि.नं./प्लौट नं.** : ८४९<br>**क्षेत्रफल** :०-०-७ |
| ७ | **ऋणीको नाम** : सरो देवी**ना.प्र.नं.**:४३२१/जि.प्र.का. सप्तरी | रामजीयादव | असर्फी यादव/किसुन लालयादव | सरो देवी | **ठेगाना** : नर्घो<br>**वाड** : २/ख<br>**कि.नं./प्लौट नं.** : २०५<br>**क्षेत्रफल** :०-१-१४<br><br>**ठेगाना** : नर्घो<br>**वाड** : २/क<br>**कि.नं./प्लौट नं.** : ६०६<br>**क्षेत्रफल**:०-९-३<br><br>**ठेगाना** : नर्घो<br>**वाड** : ३/क<br>**कि.नं./प्लौट नं.** : ३४६<br>**क्षेत्रफल** :०-२-७<br><br>**ठेगाना** : राजविराज<br>**वाड** : ५/क<br>**कि.नं./प्लौट नं.** : २५३७<br>**क्षेत्रफल** :०-०-१४ |

**लिलाम डाक बढाबढ हुने मिति** : २०८०/११/२१ गते सोमबार
**समय** :बिहान १०:०० बजे देखि ४:०० सम्म
**स्थान** : संस्थाको कार्यालय भवन राजविराज-४, गजेन्द्र चौक
***नोट : लिलाम डाक बढाबढ हुने दिनविदा पर्न गएमाबिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ।***

**नेपाल सहकारी संस्था लि.**
राजविराज-४, सप्तरी
फोन नं ०३१-५३१०९६

# त्रिविको उपकुलपति नियुक्ति प्रक्रियामै छ : प्रधानमन्त्री दाहाल

काठमाडौं, ८ फागुन (रासस)।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको नियुक्ति प्रक्रियामै रहेको स्पष्ट पार्नुभएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार गोरखा पत्रकार समाज नेपालका पदाधिकारीसँगको भेटमा सोधिएको जिज्ञासामा उहाँले भन्नुभयो, "त्रिविको उपकुलपति नियुक्ति प्रक्रियामै छ, सामाजिक सञ्जालमा आएको विषयमा कुनै सत्यता छैन।"

पत्रकारिताजगत्‌ले सत्यतथ्य र विश्वसनीय सूचनामा विश्वास गर्नुपर्नेमा जोड दिँदै उहाँले सामाजिक सञ्जालमा आएका विषयलाई लिएर धारणा नबनाउन आम नागरिकलाई आग्रह गर्नुभयो। प्रधानमन्त्री दाहालले गत पुसमा भएको बालकुमारी घटनाको सम्बन्धमा प्राप्त प्रतिवेदन आफूले अध्ययन गरिरहेको जानकारी दिँदै त्यस विषयमा छिट्टै निर्णय लिइने बताउनुभयो।

उहाँले आफूले प्रधानमन्त्रीका रूपमा मुलुकलाई विश्वमाझ चिनाउन प्रयत्न गरेको उल्लेख गर्दै उच्चस्तरीय भ्रमणबाट विभिन्न मुलुकसँगको सम्बन्ध थप प्रगाढ बनेको बताउनुभयो। "संयुक्त राष्ट्र सङ्घको महासचिवको नेपाल भ्रमण तथा आफूले विभिन्न अन्तर्राष्ट्रिय फोरममा जनाएको सहभागिताबाट नेपालप्रति विश्व समुदायको ध्यान गएको छ", उहाँले भन्नुभयो।

आफू गोरखाबाट निर्वाचित भएको स्मरण गर्दै उहाँले गोरखाको समग्र विकासमा ध्यान दिइएको बताउनुभयो। "लामो समयदेखि बन्द रहेको गोरखकाली रबर उद्योगलगायत रुग्ण उद्योग सञ्चालन गर्ने प्रक्रिया अघि बढेको छ", उहाँले भन्नुभयो।

सरकार सुशासन, सामाजिक न्याय तथा आर्थिक समृद्धिको अभियानमा केन्द्रित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारले थालनी गरेको अभियानमा सञ्चारजगत्‌बाट सहयोगको अपेक्षा गरिएको बताउनुभयो। भेटमा गोरखा घर भई राजधानीमा क्रियाशील पत्रकारले जिल्लाको विकास निर्माणमा ध्यान दिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो।

# वीरगञ्जमा पुनः निषेधाज्ञा

वीरगञ्ज, ८ फागुन (रासस)।
वीरगञ्जमा सोमबारदेखि जारी निषेधाज्ञा मंगलबार बिहान चार घण्टा हटाएर पुनः लगाइएको छ।

रौतहटको इशनाथ नगरपालिकामा केही दिनअघि दुई पक्षबीच भएको झडपको विरोधमा एक समूहले वीरगञ्जमा सोमबारनिकालेको प्रदर्शनका क्रममा दुई पक्षबीच झडपको स्थिति सृजना भएपछि जिल्ला प्रशासन कार्यालय पर्साले सोमबार साँझ ५ बजेदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको थियो।

सर्वसाधारणको सहजताका लागि मंगलबार बिहान ६ देखि १० बजेसम्मका लागि खुला गरिएको निषेधाज्ञा पुनः लागू गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिनुभयो।

स्थानीय सर्वसाधारणको दैनिकीलाई प्रभाव नपरोस् भनेर मंगलबार बिहान ६ देखि १० बजेसम्मका लागि खुला गरिएको निषेधाज्ञा पुनः स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम लागू भएको जनाइएको छ।

पूर्वमा नगवा चौक, पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा र दक्षिणमा मितेरी पुल (भन्सार) सम्म निषेधाज्ञा लागू हुने सूचनामा उल्लेख छ। निषेधाज्ञा जारी गरेको ठाउँमा हिँड्डुल गर्न, जुलुस प्रदर्शन गर्न, घेराउ गर्न, भेला हुनलगायत उच्छृङ्खल गतिविधि गर्नमा रोक लगाइएको प्रजिअ भुसालले बताउनुभयो।

वीरगञ्जमा सुरक्षा व्यवस्था कडा पार्नका लागि ठूलो सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवं निमित्त प्रहरी प्रमुख कुमारविक्रम थापाले बताउनुभयो।

महानगरको माईस्थान चोक, आदर्शनगर चोक, पावरहाउस चोक, मुर्ली चोक, घण्टाघर, ठाकुरराम बहुमुखी क्याम्पस, इदगाह चोक, भन्सार क्षेत्रलगायत मुख्य चोक तथा गल्लीमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ।

यसैबीच, पर्साको स्थानीय प्रशासनले धार्मिक, सामाजिक, सांस्कृतिक सद्भाव बिगार्ने एवं द्वन्द्वलाई उक्साउने प्रकारका सामग्री सामाजिक सञ्जालमा पोष्ट नगर्न तथा कुनै सञ्चार माध्यमबाट प्रसारण नगर्न आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी भुसालले प्रेस विज्ञप्ति जारी गर्नुहुँदै वीरगञ्जमा देखिएको असामान्य परिस्थितिलाई सावधानीपूर्वक व्यावस्थापन गरिएको र यस परिस्थितिमा सुरक्षा निकायको संयमता र राजनैतिक नेतृत्व तथा नागरिक समाजका विभिन्न व्यक्तिको सुझबुझपूर्ण सहयोगका कारण परिस्थिति नियन्त्रण भित्रै रहेको भन्दै सामाजिक सद्भाव बिगार्ने खालका सामग्री पोष्ट नगर्न आग्रह गर्नुभएको छ।

# बन अधिकृतसहित १९ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ फागुन।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कपिलबस्तुका आठ जना बन अधिकृत सहित १९ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समितिले अनुमती लिएभन्दा बढी काठ कटान गरेको र त्यसबाट भ्रष्टाचार भएको दावी गर्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अख्तियारले तत्कालिन जिल्ला वन अधिकृत कृष्णदत्त भट्ट, डिभिजनल बल अधिकृत दुर्गा बहादुर कार्की, गौतमबुद्ध साझेदारी वन व्यवस्था समितिको कार्यान्वयन ईकाईका संयोजक एवं वन अधिकृत महेन्द्रराज वाग्ले, सहायक वन अधिकृत ब्रम्हदेब महतो, रेञ्जर हेमराज पण्डित विरुद्ध भ्रष्टाचारमुद्दा दायर गरेको हो।

अख्तियारले तत्कालीन सहायक वन अधिकृत शिव शंकर प्रसाद, सहायक वन अधिकृत टोलकराज चापागाई, सहायक वन अधिकृत लालबाबु झा, सहायक वन अधिकृत गणेश कुमार थारु, सहायक वन अधिकृत नागेन्द्र प्रसाद सिंह राजपुत, फरेष्टरहरु रामरक्षा कुर्मी चौधरी०, रमतु चौधरी, वन रक्षकहरु सञ्जय थारु, सञ्जय केवट, रामगोपाल त्रिपाठी, बासुदेव गोडिया, तत्कालिन संयोजक जानकी प्रसाद यादव, गोरखा काष्ठ फर्निचर उद्योगका सञ्चालक एकनाथ घिमिरे र ए आर काठदाउरा खरिद बिक्री सेन्टरका सञ्चालक गिता जी.सी. विरुद्ध भ्रष्टाचारमुद्दा दायर गरेको हो।

यसरी गैरकानूनी रुपमा काठ कटान गरेकाले राज्यकोषमा २९ लाख १२ हजार रुपैया नोक्सानी भएको अख्तियारको दावी छ। ८ सय वटा रुख काट्ने क्रममा करिब १९ हजार क्यूफिटको बन पैदावस कम संकलन भएको अख्तियारको आरोप छ।


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


# देशभरका मिटरब्याजी पीडितहरू काठमाडौ पुगे

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ फागुन।**
न्याय नपाएको भन्दै 'न्याय मार्च' नाम दिएर पूर्वपश्चिम पैदल यात्रा गरी देशभरका मिटरब्याजी पीडितहरू काठमाडौं पुगेका छन्।

मधेसका २० जिल्ला र अरू ८ जिल्लाका पीडित न्याय मार्चमा छन्। फर्जी तमसुक, चेकलाई अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने, समस्या समाधान गर्न न्यायिक आयोग गठन गर्नुपर्ने लगायत उनीहरूका माग छन्।

उनीहरूले गत माघ १६ गते शहीद दिवसको दिन झापा र कञ्चनपुरबाट एउटै समयमा पैदल यात्रा सुरु गरेका थिए। १७ दिन हिँडेर फागुन ३ गते चितवनको नारायणगढमा भेला भएका थिए।

यसअघि गत वर्ष चैत १२ गते मिटरब्याजी पीडितहरू महोत्तरीको बर्दिबासबाट ११ दिन हिँडेर काठमाडौं आएका थिए। पीडितहरूको धर्ना, प्रदर्शन र दबाबपछि सरकारले सम्झौता गर्दै चैत अन्तिममा मिटरब्याजी पीडितको समस्या समाधान गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो।

काठमाडौंमा मंगलबार प्रदर्शनका क्रममा आन्दोलनमा सहभागी रोल्पाका गगन विश्वकर्माले लघु वित्तीय संस्थाहरूले बढी ज्यादती गरेको हुनाले आन्दोलन गर्नुपरेको बताए। उनले लघु वित्तीय संस्थाहरूले ऋणीसँग चर्को ब्याज असुलेको बताए।

लघु वित्तीय संस्थाविरुद्धको संघर्ष समिति नेपालले माघ १६ गतेबाट पैदल यात्रा सुरु गरेको थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*